## बैठक नं. २९

आज मिति २०८० साल कार्तिक २४ गते शुक्रबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री राज कुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रूपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुविन्द्र महर्जन | |
| ६ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम वोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ३ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ४ | क.अ. | श्री अकिल अमात्य | |
| ५ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |
| ६ | नगर प्रमुख सचिवालय | श्री रविन नकर्मी | |

<u>प्रस्तावहरु</u>

१) सुगर प्रेसर औषधी खरिदको लागि बजेट व्यवस्थापन सम्वन्धमा।

२) फोहोरमैला व्यवस्थापनको लागि जग्गा एकिन गरी सोको डिपिआर गर्ने सम्वन्धमा।

३) सुमोपार्कको जग्गा व्यवस्थापन सम्बन्धमा ।

४) प्रसुति असाधारण विदा सम्बन्धमा ।

५) करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

६) कार्यालय सहयोगी कर्मचारीहरुको तह बृद्धि सम्बन्धमा ।

७) जाजरकोट र रुकुमका भुकम्प पीडितलाई आर्थिक सहयोग सम्बन्धमा ।

८) पुष्पलाल पार्क देखि चम्पादेवी हुँदै भष्मासुरसम्म केवलकार/मोनोरेल संचालन सम्बन्धमा ।

९) विविध ।

## निर्णय नं . १

यस नगरपालिका भित्रका ६८ बर्षभन्दा माथिका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र एकल महिलाहरुलाई सुगर र प्रेसरको औषधी निःशुल्क वितरणका लागि चा.लु. आ.ब. २०८०/२०८१ मा एककरोड साठीलाख बिनियोजन गरिएकोमा हालसम्म पैसठीलाख पचासी हजार खर्च भई पन्चानब्बे लाख मात्र मौज्दात रहेको र चा.लु. आ.ब.को बाँकी महिनाका लागि एक करोड एकासी लाख तीस हजार खर्च लाग्ने देखिएकोले नपुग रकम सतासी लाख पन्ध्र हजारको व्यवस्थापनका लागि स्वास्थ्य शाखाबाट पेश हुन आएको प्रस्ताब सम्बन्धमा नपुग रकम मध्ये ५०,००,०००।- (पचास लाख रुपैयाँ) बिनियोजन ऐन, २०८० को आर्थिक विकास तर्फको घरेलु साना तथा मझौला उद्योग स्थापना र संचालनका लागि स्वोरोजगार कोषको शीर्षकमा बिनियोजन गरिएको रकमबाट र थप नपुग रकम अन्य शीर्षकहरूबाट खर्च गर्ने गरी व्यवस्थापन गर्ने अख्तियारी नगर प्रमुखज्यूलाई दिने निर्णय गरियो ।

## निर्णय नं . २

यस नगरपालिकाको वडा नं. ९ स्थित पूर्वमा बागमती नदी, पश्चिममा दक्षिणकाली सडक, उत्तरमा पक्की पुल र दक्षिणमा सुलक्षण कीर्तिविहार यी चार किल्ला क्षेत्र भित्रको सुन्दरीघाटमा फोहोरमैला संकलन र व्यवस्थापनका लागि डिपिआर गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

यस नगरपालिकाको वडा नं. १० स्थित बागमती नदी उकासको बुढाथोकी नर्सरी र रशकटर पेट्रोल पम्प पूर्वपट्टीको जग्गा लिजमा यातायात व्यवस्थापन पार्कको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

## निर्णय नं . ४

यस कार्यालयको महिला बालबालिका शाखामा कार्यरत म.बि.नि.(सहायक पाँचौ) श्री पवित्रा परियारले बेतलबी प्रसुति बिदा माग गरेकोमा बागमती प्रदेश सरकारले जारी गरेको "स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९" को दफा (५६) को उपदफा (२) को (१) बमोजिम मिति २०८०/०७/१२ गते देखि मिति २०८१/०२/११ गते सम्म छ (६) महिनाको बेतलबी प्रसुति बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं . ५

नगरवासीहरुमा सेवा प्रवाहलाई थप छिटोछरितो, चुस्तदुरुस्त र प्रभावकारी बनाउनका लागि तपशिल वमोजिमका प्राविधिक जनशक्तिको करार दरवन्दी स्वीकृत गरी पदपुर्ति गर्ने निर्णय गरियो ।

तपशिल

क) मेडिकल सुपरिटेण्डेन्ट (नवौ तह) -१(एक)

ख) जुनियर ईन्जिनियर (पाँचौ तह) -२(दुई)

## निर्णय नं. ६

नगरपालिका कार्यालय वा अन्तरगत कार्यरत तपशिल बमोजिमका कार्यालय सहयोगी कर्मचारीहरुको आगामी नगरसभाबाट अनुमोदन गराउने र मिति २०७९/११/२२ देखि जेष्ठता कायम हुनेगरी तृतीय तहबाट चौथोमा तह वृद्धि गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | नामथर | हालको तह | शुरु नियुक्ति मिति | पछिल्लो तह वृद्धि | वृद्धि हुने तह |
|---|---|---|---|---|---|
| १ | पुर्णचन्द्र थापा | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| २ | तुल्सी नारायण मानन्धर | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| ३ | श्यामकृष्ण वस्नेत | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| ४ | कबि महर्जन | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| ५ | हर्षमान तण्डुकार | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| ६ | रोसन महर्जन | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| ७ | शान्ती खत्री क्षेत्री | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| ८ | अष्ट ब. श्रेष्ठ | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| ९ | शान्ती वस्नेत | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| १० | सन्तोष खत्री | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |
| ११ | भाईराम पोडे | तृतीय | २०६४/०५/०१ | २०७४/११/२१ | चौथो |

## निर्णय नं. ७

मिति २०८०/०७/१७ गते शुक्रबार राती ११:४७ बजे जाजरकोट जिल्लाको रामीडाँडालाई केन्द्रबिन्दु बनाई गएको बिनाशकारी भुकम्पबाट पीडितहरुलाई राहत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ८

यस नगरपालिका वडा नं ४ को पुष्पलाल पार्क/जनजाति संग्राहलय देखि चम्पादेवी हुँदै भष्मासुर डाँडासम्म केवलकार/मोनोरेल संचालनका लागि आयोजनाको संभाव्यता अध्ययन, वातावरण प्रभाव मूल्याङ्कन र निर्माण तथा सञ्चालनको लागि सहमती पाउँ भनी रोपवे एण्ड केवल कार प्रा.लि., ललितपुरले प.सं. ०५-०७९/८० मिति २०७९/१२/१६ मा निवेदन पेश गरेको सम्वन्धमा उक्त कम्पनीलाई नगरपालिकाले तोकेको नियमानुसारको अनुमति शुल्क लिई नियमानुसार पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रकृया पुरा गरी प्रत्येक

६/६ महिनामा सो कार्यको प्रगति प्रतिवेदन नियमित रुपमा नगरपालिकामा बुझाउने गरी मिति २०८०/०८/०१ देखि २०८३/०७/३० सम्म (३ वर्ष) का लागि वातावरण प्रभाव मूल्यांकन EIA/IEE र आयोजनाको संभाव्यता अध्ययन (DPR) गर्ने अनुमती दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

नेपाल सरकार भूमि व्यवस्था, सहकारीतथा गरिबी निवारण मन्त्रालय, नापी विभाग, नापी कार्यालय, कलंकी १ नं नापी टोली, टौखेल काठमाडौंको प.स. ०८०/८१ च.नं. २ मिति २०८०/०७/२२ को पत्रानुसार नापी टोलीले प्रयोग गरेको कार्यालय र कागजातको शान्ति, सुरक्षा र रेखदेखमा सहयोग गर्नका लागि माग भए बमोजिम १ (एक जना) कार्यालय सहयोगी यस नगरपालिकाबाट दैनिक ज्यालादारीमा खटाउने निर्णय गरियो ।

निर्णय नं. १०

गत आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसकी यस आर्थिक वर्षमा अ. ल्या. भै आएका योजनाहरूको म्याद विनियोजन ऐन २०८० बमोजिम असोज मसान्त सम्म रहेकोमा हालसम्म पनि सम्पन्न हुन नसकेका योजनाहरूको हकमा कार्य प्रगतिको आधारमा पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।